बैठक नं.२३

आज मिति २०७८ साल असार २१ गते कपिलवस्तु जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री चक्र पाणी पाण्डेज्यूको अध्यक्षतामा जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) को बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी देहाय अनुसारको निर्णय गरियो।

**उपस्थिति:**

| | |
|---|---|
| प्र.जि.अ. | श्री चक्र पाणी पाण्डे |
| जि.स.अ. | श्री भूमिराम पोखरेल |
| प्र.से. | श्री तुरेन्द्र आङदेम्बे |
| प्र.उ. | श्री दान बहादुर कार्की |
| उप.अ.नि. | श्री योगेन्द्र के.सी. |
| स.प्र.ना.उ. | श्री गोपाल श्रेष्ठ |
| मे.सु. | डा. श्री किशोर बन्जाडे |

आमन्त्रित :

जि.स.स.प्रमुख श्री नारायण खनाल, जिल्ला समन्वय समिति, कपिलवस्तु।

स.प्र.जि.अ. श्री गणेश नेपाली, जिल्ला प्रशासन कार्यालय, कपिलवस्तु।

प्रशासकीय अधिकृत श्री अशोक विष्ट , जिल्ला प्रशासन कार्यालय, कपिलवस्तु।

कार्यालय प्रमुख श्री हेमराज पाण्डे, स्वास्थ्य कार्यालय, कपिलवस्तु।

अध्यक्ष श्री किरणमान बज्राचार्य, नेपाल पत्रकार महासंघ, कपिलवस्तु।

अध्यक्ष श्री गयादिन कुर्मी, उद्योग वाणिज्य संघ, तौलिहवा।

कोभिड फोकल पर्सन श्री उमेश घिमिरे, स्वास्थ्य कार्यालय, कपिलवस्तु।

**निर्णयहरु:-**

१. यस अगाडि बसेका बैठकका निर्णयहरुको कार्यान्वयन अवस्था बारे समीक्षा गरियो। कोभिड- १९ को नयाँ भेरियन्ट पछि यस जिल्लामा मिति २०७८।०३।२१ गते सम्म एन्टीजेन (५५२०) तथा PCR (४०१३) टेष्ट गरी जम्मा ९५४३ जनालाई गरिएको र हाल सम्म ३४०३ जम्मा संक्रमित पाइएकोमा ३१३५ निको भएको, १६५ मृत्यु भएको र अहिले ८५ जना संक्रमित रहेको देखिन्छ। त्यसै गरी यस जिल्ला भित्रका स्थानीय तहमा देहाय बमोजिम Antigen/PCR टेष्ट गरेको देखिन्छ।

| क्र.सं. | स्थानीय तह | एन्टीजेन टेष्ट संख्या | PCR टेष्ट संख्या | संक्रमित संख्या |
|---|---|---|---|---|
| १ | कपिलवस्तु अस्पताल र नगरपालिका | ४५५ | १८८४ | ७४९ |
| २ | बाणगंगा नगरपालिका | ३०३ | ११७६ | ५९६ |
| ३ | बुद्धभूमि नगरपालिका | ४४८ | ४३२ | २२७ |
| ४ | शिवराज नगरपालिका | १५५२ | ६३५ | २५६ |
| ५ | कृष्णनगर नगरपालिका | ७२६ | - | २० |
| ६ | महाराजगंज नगरपालिका | १५१ | - | २३ |
| ७ | यशोधरा गाउँपालिका | ७२९ | - | ५८ |
| ८ | मायादेवी गाउँपालिका | २११ | १५० | ८९ |
| ९ | शुद्धोधन गाउँपालिका | ३५६ | - | ३५ |
| १० | विजयनगर गाउँपालिका | ३१६ | - | ४० |
| ११ | कृष्णनगर नाका | ७३८ | - | ६३ |

२. कोभिड - १९ संक्रमणको लक्षण देखिएका व्यक्तिहरुलाई समयमै उपचार गरेमा निको हुने दर बढी हुनाले सो बारेमा जानकारी गराउन र नजिकको स्वास्थ्य संस्था वा वडा कार्यालयमा सम्पर्क गरी एन्टीजेन वा पि.सी.आर. टेस्ट गर्न अनुरोध गर्ने।

३. यस जिल्लामा मिति २०७८।०३।१५ गतेदेखि जारी भएको निषेध आदेशको अवधि मिति २०७८।०३।२१ गते रातीको १२:०० बजे सकिने र कोभिड -१९ सक्रिय संक्रमणको अवस्थामा कमी आइरहेको भएतापनि संक्रमण जोखिम कायमै रहेकोले स्वास्थ्य सुरक्षा मापदण्डको पालना गर्दै दैनिक जनजीवन सहज बनाउने गरी अर्को व्यवस्था नभएसम्मको लागि निषेध आदेश जारी गर्न सिफारिस गर्ने।

४. जिल्ला कोभिड - १९ संकट व्यवस्थापन केन्द्र (DCCMC) को मिति २०७८।०१।२९ गतेको निर्णयानुसार सिफारिस गरिएको कृष्णनगर भन्सार कार्यालयको यार्डको उत्तर तर्फको कि.नं. १७९, १८०, १८१ र १८२ जम्मा क्षेत्रफल २-१२-१७ रहेको जग्गामा नेपाली सेना मार्फत होल्डिङ सेण्टरको निर्माण भैरहेको छ। उक्त स्थानमा नेपाल सरकारले निर्णय गरे बमोजिम एक हजार क्षमताको निर्माण गर्न जग्गा अपुग भएकोले नेपाली सेना, नारायण दल गण, गोरुसिंगेको च.नं.२० मिति २०७८।०३।२१ को पत्रबाट थप जग्गा माग गरेको हुँदा ईलाका प्रशासन कार्यालय, चन्द्रौटा, कपिलवस्तुको च.नं. ७८८ मिति २०७८।०३।१८ को पत्रबाट साविक शिवानगर वडा नं. १ हाल कृष्णनगर न.पा. १ को नेपाल सरकारको नाममा रहेको पर्ती,गौचर, नदी (पुरिएको) कि.नं. ३४०, ३४१ र ३४२ जम्मा क्षेत्रफल २-३-८ मा होल्डीङ् सेण्टर निर्माणका लागि थप जग्गा उपलब्ध गराउने र सोको जानकारी कोभिड -१९ संकट व्यवस्थापन केन्द्र तथा गृह मन्त्रालयमा पठाउने।

५. मिति २०७८।०३।२३ गते जनस्वास्थ्यका मापदण्ड पूर्ण रुपमा पालना गरी कपिलवस्तु जिल्ला पूर्ण खोप घोषणा समारोह आयोजना गर्न अनुमति दिने ।

६. निषेधाज्ञाको पालनामा कडाई गर्न सबै स्थानीय तहहरु, नागरिक समाज, संघसंस्था, संचार माध्यमहरुले प्रचार प्रसार गर्ने।

२०७८।३।२१